परिच्छेद-**4**

# प्रसूति/बच्चा हुर्काउने



## 1 गर्भावस्थामा गर्ने प्रक्रिया

### 1-1 गर्भावस्थाको सूचना दर्ता र मातृशिशु स्वास्थ्य पुस्तिका (बोसि तेच्यो)को वितरण आदि

- गर्भवती भएको खुलेपछि, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा तुरुन्तै गर्भावस्थाको सूचना दर्ता गर्नुहोला।
- गाउँपालिका/नगरपालिकामा, गर्भावस्थाको सूचना दर्ता गरेका व्यक्तिलाई निम्न कुरा प्रदान गरिनेछ।

① मातृशिशु स्वास्थ्य पुस्तिका (बोसि तेच्यो) को वितरण
② गर्भवती महिला स्वास्थ्य चेकजाँचको लागि सरकारी खर्चको अनुदानमा प्राप्त गर्न सकिने जँचाउने कुपन अथवा अनुदान कुपनको वितरण
③ स्वास्थ्यकर्मीहरूले दिने परामर्श
④ अभिभावकको कक्षा(आमाको कक्षा र बाबुको कक्षा)को परिचय

* मातृशिशु स्वास्थ्य पुस्तिका (बोसि तेच्यो) भनेको, आमाको गर्भ रहेको समय देखि प्रसूति भए पश्चात् सम्म, बच्चाको नवजात अवस्था देखि दूध खाने अवस्था सम्मको स्वास्थ्य स्थिति लगातार रेकर्ड राखेको पुस्तिका हो र साथसाथै, दूधे बालकको अभिभावकलाई शिशु स्याहार सम्बन्धमा सिकाउने पुस्तिका हो। आवश्यकता अनुसार, अभिभावक आफैँले उल्लेख तथा व्यवस्थापन गर्न सक्नुका साथै चिकित्साकर्मीले पनि लेख्न र हेरेर उपयोग गर्न सक्ने गरी बनाइएको छ।


* जनवरी 2023 मा, हामीले बाल हेरचाह र सम्बन्धित विषयहरूमा जानकारीको साथ हाम्रो "मातृ र बाल स्वास्थ्य ह्यान्डबुक जानकारी र सहयोग साइट" सुरु गर्यौं।

(मातृ र बाल स्वास्थ्य ह्यान्डबुक जानकारी र सहयोग साइट)
https://mchbook.cfa.go.jp

### 1-2 गर्भवती महिला स्वास्थ्य चेकजाँच

- गर्भावस्थामा, सधैँको भन्दा अझ धेरै, स्वास्थ्यमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ।
  गर्भवती महिलाको स्वास्थ्य चेकजाँच नियमित रूपमा गरी, चिकित्सक या सुँडेनीहरूको सल्लाह लिएर स्वास्थ्य व्यवस्थापनमा लागिपर्नुहोस्।
- गर्भवती महिलाको स्वास्थ्य चेकजाँच, सामान्यतया तल दिइएको आवृत्तिमा गर्नु वाञ्छनीय मानिन्छ।

① गर्भ रहेको प्रारम्भिक अवस्था देखि गर्भावस्थाको 23 हप्ता सम्म 4 हप्तामा 1 पटक
② गर्भावस्थाको 24 हप्ता देखि गर्भावस्थाको 35 हप्ता सम्म 2 हप्तामा 1 पटक
③ गर्भावस्थाको 36 हप्ता देखि प्रसूति हुँदा सम्म हप्ता 1 पटक




## 1-3 स्वास्थ्यकर्मी/सुँडेनीहरूले घरमै आएर दिने मार्गनिर्देशन सेवा

घरमा स्वास्थ्यकर्मी या सुँडेनीहरू आएर, निम्न परामर्श/मार्गनिर्देशन सेवा दिनेछन्।

① घरको जीवनयापन या खानाहरू सम्बन्धी मार्गनिर्देशन सेवा
② गर्भावस्था, प्रसूति सम्बन्धमा कुनै डर चिन्ता भए सो कसरी हटाउन भन्ने सल्लाह
③ नवजात शिशुहरूका लागि बाल हेरचाह सम्बन्धी परामर्श

* यस घरमै आएर दिने मार्गनिर्देशन सेवा निःशुल्क हुनेछ। विस्तृतमा बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।



## 1-4 अभिभावकको कक्षा(आमाको कक्षा र बाबुको कक्षा)

गाउँपालिका/नगरपालिकाले गर्भावस्था, प्रसूति, शिशु स्याहार, पोषण आदि सम्बन्धमा कक्षा सञ्चालन गर्ने गर्छ। हुने बुवाआमाहरू बिचमा अन्तर्क्रिया हुने ठाउँ पनि भएको छ।



# 2 प्रसूति भए पश्चात्को प्रक्रिया

## 2-1 जन्म दर्ता



**जापानमा बच्चा जन्मेपछि**

- बुवा वा आमाले जन्मको सूचना दर्ता नगरी हुँदैन।
- यस सूचना दर्ता बच्चा जन्मिएको दिन देखि 14 दिन भित्रमा गर्नुपर्ने हुन्छ।
- यस सूचना दर्ता गर्दा, बच्चा जन्मिएको स्थान अथवा सूचना दर्ता गर्ने व्यक्ति अवस्थित स्थलमा भएको गाउँपालिका/नगरपालिकामा पेस गर्नुहोला।

### (1) जन्मको सूचना दर्तामा आवश्यक पर्ने वस्तु

- बर्थ सर्टिफिकेट
- अन्य आवश्यक पर्ने वस्तु बारेमा, सूचना दर्ता गर्ने गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

### (2) अन्य प्रक्रिया

बच्चा जन्मिएको दिन देखि 60 दिन बितेर जाँदा पनि बसोबास योग्यता (भिसा) प्राप्त नगरेमा, बसोबास पत्र (ज्युमिन ह्योउ) रद्द भई, नागरिक स्वास्थ्य बिमा या बालबालिका भत्ता जस्ता प्रशासनिक सेवा प्राप्त गर्न नसकिने पनि हुनसक्छ। विस्तृतमा, परिच्छेद 1; 2-4 भिसा प्राप्ति हेर्नुहोला।

## 2-2 जन्म भएको बच्चाको स्वदेशमा हुने सूचना दर्ता

बुवा र आमा दुवै विदेशको नागरिक भएमा, निजहरूको बच्चा जापानमा जन्मिएको भए पनि, जापानको नागरिकता प्राप्त गर्न सक्ने छैन। यस्तो अवस्थामा, बच्चाको जन्म बारेमा स्वदेशमा सूचना दर्ता गर्ने प्रक्रिया गर्नुहोला। विस्तृत प्रक्रिया बारेमा, बुवा वा आमा नागरिक रहेको देशको जापान अवस्थित राजदूतावास/(महा) वाणिज्य दूतको कार्यालयमा सोधपुछ गर्नुहोस्।

साथै, जन्मिएको बच्चाको पासपोर्ट पनि, सँगसँगै प्राप्त गर्नुहोस्।



परिच्छेद-1 परिच्छेद-2 परिच्छेद-3 परिच्छेद-4 परिच्छेद-5 परिच्छेद-6 परिच्छेद-7 परिच्छेद-8 परिच्छेद-9 परिच्छेद-10 परिच्छेद-11 परिच्छेद-12

# 3 प्रसूति खर्च र विभिन्न भत्ताहरू

गर्भावस्था/प्रसूति भनेको बिमारी नभएकोले, मूलभूत रूपमा स्वास्थ्य बिमा लागु हुँदैन।
अपवादको रूपमा, सिजेरियन सेक्सन जस्ता शल्यक्रियाका खर्चहरूमा भने, स्वास्थ्य बिमा लागु हुन्छ।

## 3-1 प्रसूति एकमुष्ट रकम

स्वास्थ्य बिमा या नागरिक स्वास्थ्य बिमाको सदस्यता लिएको व्यक्ति प्रसूति हुँदा, प्रसूति खर्च स्वरूप 500,000 येन भुक्तानी गरिने प्रणाली हो। तथापि, गर्भावस्था 22 हप्ता नपुगेको जस्ता, प्रसूति चिकित्सा अनुदान प्रणालीको दायरामा पर्ने प्रसूति नभएको खण्डमा, 488,000 येन हुनेछ।

यस भुक्तानी प्रणाली अन्तर्गत, निम्न 2 ओटा प्रणालीहरू रहेका छन्।

① **प्रत्यक्ष भुक्तानी प्रणाली**

गर्भवती महिलाहरूको सट्टामा चिकित्सा निकायहरूले प्रसूति एकमुष्ट रकमको दाबी गर्ने र प्राप्ति गर्ने प्रणाली हो। प्रसूति एकमुष्ट रकम चिकित्सा निकायहरूमा प्रत्यक्ष भुक्तानी गरिने भएकाले, डिस्चार्ज हुँदाको समयमा काउण्टरमा प्रसूति खर्चको सम्पूर्ण राशि भुक्तानी गर्नु नपर्ने हुनजान्छ।

② **प्रतिनिधिले प्राप्त गर्ने प्रणाली**

गर्भवती महिलाहरू सदस्य रहेको स्वास्थ्य बिमा सङ्घ आदि समक्ष प्रसूति एकमुष्ट रकमको दाबी गर्ने बखतमा, प्रसूति गराउने चिकित्सा निकायहरूलाई उक्त रकम लिने काम सुम्पिएर, उक्त चिकित्सा निकायहरूमा प्रत्यक्ष प्रसूति एकमुष्ट रकम भुक्तानी गरिने प्रणाली हो।

## 3-2 प्रसूति भत्ता रकम

स्वास्थ्य बिमाको सदस्य व्यक्ति स्वयंले प्रसूति हुनका लागि कम्पनी बिदा लिएर, त्यस अवधिमा तलबको भुक्तानी पाउन नसकेको खण्डमा, डेलिभरि (योजना) हुने दिन भन्दा 42 दिन (जुम्ल्याहा गर्भावस्थाको अवस्थामा 98 दिन) अघि देखि डेलिभरिको दिन पछि 56 दिन सम्मको परिधि भित्र, कम्पनी बिदा लिएको अवधिलाई दायरामा पारेर प्रसूति भत्ता रकम भुक्तानी लिन सकिनेछ। प्रसूति अगाडि र पछाडिको बिदा अवधिमा, स्वास्थ्य बिमाबाट हरेक 1 दिनको हकमा, सिद्धान्ततः ज्यालाको तिन भागको दुइ भागको बराबरको प्रसूति भत्ता रकम भुक्तानी लिन सकिनेछ । तथापि, बिदा लिएको अवधिमा पनि कम्पनीले तलब भुक्तानी गरिरहेको र प्रसूति भत्ता रकम भन्दा धेरै राशि भुक्तानी भइरहेको अवस्थामा भने, प्रसूति भत्ता रकम भुक्तानी लिन सकिने छैन।

योजित मिति भन्दा ढिला डेलिभरि भएमा, उक्त ढिला भएको अवधिको हकमा पनि प्रसूति भत्ता रकम भुक्तानी लिन सकिनेछ ।

## 3-3 शिशु स्याहार बिदा लाभ (बाल हेरचाह बिदा को समयमा लाभ) रकम

### (1) शिशु स्याहार बिदा लाभ रकम

रोजगारी बिमाको सदस्य व्यक्तिलाई 1 वर्ष उमेर(केही निश्चित आवश्यक सर्त पुरा गरेको खण्डमा, बच्चाको उमेर 1 वर्ष 2 महिना सम्म। अझै केही निश्चित आवश्यक सर्त पुरा भएमा बच्चाको उमेर 1 वर्ष 6 महिना वा 2 वर्ष सम्म) पुरा नभएका बच्चा पालनपोषण गर्नका लागि बिदा प्राप्त गरी, निम्न आवश्यकताहरु पुरा गर्ने व्यक्तिलाई सिद्धान्ततः, हेलोवर्कमा गरेको भुक्तानी निवेदन बमोजिम शिशु स्याहार बिदा लाभ रकम भुक्तानी लिन सकिनेछ । (सुरुवातको 180 दिनमा बिदा बस्न सुरु हुनु अघिको ज्यालाको 67% बराबरको राशि, त्यस पश्चात् 50% बराबरको राशि भुक्तानी हुनेछ।)

- लाभ रकम प्राप्त हुने आवश्यकताहरू

① बिदा सुरुवात भएको दिन अगाडिको 2 वर्षमा 11 दिन वा सो भन्दा बढी काम गरेको महिना वा तलब भुक्तानीको आधार हुने कामको घण्टा 80 घण्टा भन्दा बढि भएको महिना 12 महिना वा सो भन्दा बढी भएका हुनु पर्ने

② शिशु स्याहार बिदा अवधिको ज्याला, बिदा सुरुवात समयको ज्यालासँग तुलना गर्दा 80% भन्दा कममा झर्ने जस्ता केही निश्चित आवश्यक सर्त पुरा भएको हुनु पर्ने

③ **बिदाको अवधिमा प्रति महिना 10 वा कम कार्य दिनहरू हुनुपर्छ (वा यदि 10 कार्य दिनहरू भन्दा बढी भएमा, काम गर्ने घण्टाको सङ्ख्या 80 घण्टा वा कम हुनुपर्छ)**

बिदा विभाजित गरी लिइएको भए पनि, यो सिद्धान्तमा दोस्रो पटकसम्म बाल हेरचाह बिदा लाभहरूको अधीनमा हुनेछ।

* आवधिक कामदार (म्यादी करार श्रमिक) भएमा

आवधिक कामदार (अवधि निर्धारण गरेर रोजगारी गर्ने व्यक्ति)ले माथि उल्लिखित सर्तका अतिरिक्त, बिदा सुरुवात समयमा, बच्चा 1 वर्ष 6 महिनाको समयमा (नर्सरी विद्यालयमा भर्ना हुन नसक्ने कारणले गर्दा,1 वर्ष 6 महिनापछि बिदा सुरु हुँदा २ वर्षसम्म), रोजगारी सम्झौताको म्याद सकिन लागेको छैननिम्न मध्ये कुनै एक सर्त पनि पुरा गर्नु पर्नेछ।



## (2) जन्मको बेला बाल हेरचाह बिदाका लाभहरू

बच्चा जन्मेको ८ हप्ता भित्रमा बच्चाको हेरचाह गर्न ४ हप्तासम्मको बिदा (पोस्टपर्टम पापा चाइल्डकेयर बिदा) लिने र निम्न आवश्यकताहरू पूरा गर्ने रोजगारी बीमा व्यक्तिहरूले हेलो वर्कमा भुक्तानीको लागि आवेदन दिएर जन्मको समयमा बाल हेरचाह बिदा लाभहरू प्राप्त गर्न सक्छन्। (बिदा सुरु हुनु अघिको ज्यालाको 67% बराबरको रकम। जन्मको समयमा बाल हेरचाह बिदा लाभ भुक्तान गरिएको दिनको संख्या 3-3 को लागि लाभ दर (1) बाल हेरचाह बिदा लाभ 67%, अर्थात्, 180 दिनहरु को लागी गणना गरिन्छ।

- लाभहरू प्राप्त गर्नका लागि आवश्यकताहरू

① कर्मचारीले बिदा प्रारम्भ हुनु अघि दुई वर्षमा 11 वा सोभन्दा बढी दिन काम गरेको वा 12 वा सोभन्दा बढी महिना 80 वा सोभन्दा बढी घण्टा काम गरेको हुनुपर्छ।

② बिदाको सुरुमा ज्यालाको 80% भन्दा कम हुने बिदाको समयमा पारिश्रमिक जस्ता निश्चित आवश्यकताहरू पूरा गर्नुपर्छ।

③ बिदाको अवधिमा काम गर्ने दिनहरूको अधिकतम संख्या 10 दिन हो (यदि बिदाको अवधि 10 दिन भन्दा बढी छ भने, काम गर्ने घण्टाको संख्या 80 घण्टा हो) वा कम (यद्यपि, यदि बिदाको अवधि 28 दिन भन्दा कम छ भने, त्यो दिनको संख्याको अनुपातमा काम गर्न सकिने दिन र घण्टाको संख्या घट्नेछ)। थप रूपमा, प्रसवोत्तर पापा बाल हेरचाह बिदा किस्तामा लिइए तापनि, जन्ममा बाल हेरचाह बिदाको लाभ दोस्रो पटकसम्म लागू हुनेछ।

थप रूपमा, प्रसवोत्तर पापा बाल हेरचाह बिदा किस्तामा लिइए तापनि, जन्ममा बाल हेरचाह बिदाको लाभ दोस्रो पटकसम्म लागू हुनेछ।

थप रूपमा, निम्न ①② अन्तर्गत पर्ने बिदा हरूको लागि भत्ताहरू भुक्तान गरिने छैन।

① तेस्रो पटक वा पछि बाल हेरचाह बिदा एउटै बच्चाको लागि लिइएको छ।

② एउटै बच्चाको लागि जन्म हुँदा बाल हेरचाहको कुल संख्या 28 दिन भन्दा बढी दिनहरु भएको छ।

- अस्थायी कामदारको हकमा (निश्चित-अवधि सम्झौता भएको कर्मचारी)

एक अस्थायी कामदारको हकमा (निश्चित-अवधि सम्झौता भएको कर्मचारी) ले बच्चाको जन्म भएको आठ हप्ता पछिको छ महिनाको अवधिमा, रोजगार सम्झौताको म्याद स्पष्ट रूपमा समाप्त भएको छैन भन्ने आवश्यकता पूरा गर्नुपर्छ।

# 3-4 बालबालिका भत्ता

बालबालिका भत्ता भनेको, घरबारको जीवनयापन स्थिर राख्ने र बच्चाको स्वस्थकर विकासको उद्देश्य राख्ने भत्ता हो।

बच्चा एवम् बच्चाको पालनपोषण गरिरहेको व्यक्ति समेत जापान राष्ट्र भित्र बसोबास गरिरहेको भएमा यस भत्ता पाउन सक्नेछ।

## (1) प्राप्त गर्न सक्ने व्यक्ति

15 वर्षको जन्मदिन पश्चात्को पहिलो मार्च 31 तारिख सम्मको बच्चालाई पालनपोषण गरिरहेका व्यक्ति

## (2) प्राप्त गर्ने विधि

- पहिला बसोबास रहेको गाउँपालिका/नगरपालिकामा प्राप्तिको लागि निवेदन गर्नुहोस्।
- सिद्धान्ततः निवेदन गरेको महिनाको आउँदो महिनाको भाग देखि भत्ता प्राप्त गर्न सकिनेछ।
- नयाँ बच्चा जन्मिएको, अन्य गाउँपालिका/नगरपालिकामा ठेगाना सारेको जस्ता समयमा, पुनः निवेदन दिनुपर्नेछ।

## (3) प्राप्त गर्न सकिने राशि

| बच्चाको उमेर | बालबालिका भत्ताको राशि (एक जना बराबर मासिक राशि) |
|---|---|
| 3 वर्ष मुनि | सबैमा समान 15,000 येन |
| 3 वर्ष वा सो भन्दा माथि<br>12 वर्षको जन्मदिन पश्चात्को<br>पहिलो मार्च 31 तारिख सम्म | 10,000 येन<br>(तेस्रो बच्चा वा सो भन्दा पछि 15,000 येन) |
| 12 वर्षको जन्मदिन पश्चात्को<br>पहिलो मार्च 31 तारिख बिते पश्चात्<br>15 वर्षको जन्मदिन पश्चात्को<br>पहिलो मार्च 31 तारिख सम्म | सबैमा समान 10,000 येन |

* बच्चा पालनपोषण गरिरहेको व्यक्तिको एक निश्चित वा सो भन्दा बढी आय भएमा, मासिक राशि सबैमा समान 5,000 येन (2022 जुन महिनाको भागदेखि मासिक 5,000 येन वा 0 येन) हुनेछ।

* "तेस्रो बच्चा वा सो भन्दा पछि" भन्नाले, 18 वर्षको जन्मदिन पश्चात्को पहिलो मार्च 31 तारिख सम्मका बच्चा पालनपोषण गरिराखेका मध्येका, तेस्रो बच्चा वा सो भन्दा पछिको बच्चा भनेर बुझ्न पर्दछ।

## (4) प्राप्त गर्ने समयाकाल

सिद्धान्ततः, हरेक वर्ष जुन, अक्टोबर, फेब्रुअरीमा, प्रत्येकको अघिल्लो महिनाको भाग सम्मको 4 महिनाको भाग एकमुष्ट प्राप्त गरिनेछ।

# 4 शिशु स्याहार

## 4-1 दुधे बालक स्वास्थ्य चेकजाँच

गाउँपालिका/नगरपालिकाले निम्न स्वास्थ्य चेकजाँच निःशुल्क सञ्चालन गर्ने गर्छ।

- 18 महिनाको उमेरको बच्चाको स्वास्थ्य चेकजाँच
- 36 महिनाको उमेरको बच्चाको स्वास्थ्य चेकजाँच
- गाउँपालिका/नगरपालिका अनुसार, फरक-फरक महिनाको दुधे बालकको स्वास्थ्य चेकजाँच हुने गरेको पनि हुनसक्छ।

* स्वास्थ्य चेकजाँचका विषयवस्तुमा, वृद्धि/विकासको जाँच, उचाइ/वजनको नाप, शिशु स्याहार परामर्श आदि पर्दछन्। विस्तृतमा बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

## 4-2 खोप


खोपले रोग लाग्नबाट रोक्न सक्छ। खोप 2 प्रकारका हुन्छन्।

① **बसोबास रहेको गाउँपालिका/नगरपालिकाले सिफारिस गरेको खोप**

गाउँपालिका/नगरपालिकाले सिफारिस गरेको खोप निःशुल्क हुनसक्छ। विस्तृतमा, बसोबास रहेको गाउँपालिका/नगरपालिकामा सोधपुछ गर्नुहोला।

② **इच्छा गरेर लगाउने खोप**

आफूले चाहेर लगाउने खोपको लागि आफूले पैसा तिर्नु पर्नेछ।
खोप लगाउने बखतमा, चिकित्सकसँग परामर्श गरेर निर्णय गर्नुहोला।



## 4-3 बच्चाको चिकित्सा खर्च

स्वास्थ्य बिमाको सदस्य भएमा, 6 वर्ष वा सो भन्दा मुनिका प्राथमिक विद्यालय प्रवेश गर्नु अघिका बच्चाको हकमा, स्व-वहनको दर 20% रहेको छ।

बसोबास रहेको गाउँपालिका/नगरपालिका अनुसार, माध्यामिक वा उच्च विद्यालय पास गर्दा सम्म चिकित्सा खर्च निःशुल्क हुने ठाउँ पनि हुन्छन् र, थप अनुदान दिने ठाउँ पनि रहेका छन्।

## 4-4 विद्यालय जानु पूर्वका बच्चाको लागि बनाइएको सुविधा स्थल

- 6 वर्ष वा सो भन्दा मुनिका प्राथमिक विद्यालय प्रवेश गर्नु अघिका बच्चाहरू दायरामा पर्ने सुविधा स्थल भित्र, शिशु स्याहार केन्द्र, किन्डरगार्टेन, मान्यता प्राप्त बाल उद्यान जस्ता सुविधा स्थलहरू पर्दछन्।
- 3 वर्ष देखि 5 वर्ष सम्मका बच्चाहरूको शिशु स्याहार केन्द्र, किन्डरगार्टेन, मान्यता प्राप्त बाल उद्यानहरूको उपयोग शुल्क निःशुल्क हुनेछ।

### (1) शिशु स्याहार केन्द्र

- अभिभावक काम गरिरहेको जस्ता कारणले गर्दा, घरमा हेरचाह गर्न नपाउने अभिभावकका लागि सट्टामा हेरचाह गरिदिने सुविधा स्थल हो।
- सामान्यतया शिशु स्याहारको समय 1 दिनमा 8 घण्टा भएपनि, रात्रीकालीन/बिदाको दिन जस्ता अतिरिक्त समयको शिशु स्याहार सञ्चालन गरिरहेका शिशु स्याहार केन्द्र पनि रहेका छन्।
- अचानक पर्ने काम या छोटो अवधिका पार्टटाइम कामहरू अनुसार, केही समयको लागि बच्चा राखिदिने सेवा सञ्चालन गरिरहेका शिशु स्याहार केन्द्र पनि रहेका छन्।

परिच्छेद-1 परिच्छेद-2 परिच्छेद-3 परिच्छेद-4 परिच्छेद-5 परिच्छेद-6 परिच्छेद-7 परिच्छेद-8 परिच्छेद-9 परिच्छेद-10 परिच्छेद-11 परिच्छेद-12


महत्वपूर्ण बन्दि

### मान्यता बाहिरका शिशु स्याहार सुविधा स्थलहरू

बच्चाको हेरचाह गरिरहेका सुविधा स्थलहरू मध्ये, बाल कल्याण ऐन बमोजिम अनुमोदन प्राप्त नगरेको सुविधा स्थललाई जनाउने नाम हो।

- गैर-अनुमोदित शिशु स्याहार केन्द्र
- डिपार्टमेन्ट स्टोरमा आउने ग्राहकको बच्चाको लागि बनाएको सुविधा स्थल
- ताकुजि-स्यो भनिने बेबी डे केयर सेन्टर
- बेबी होटेल
- बेबी सिटर

आदि रहेका छन्।



## (2) किन्डरगार्टेन

- 3 वर्ष पुरा भए देखि प्राथमिक विद्यालय भर्ना अघि सम्मका बच्चा दायरामा पर्ने शैक्षिक सुविधा स्थल हो।
- 1 दिनमा पढ्ने मानक समय 4 घण्टा रहेको छ। तथापि, काम गरिरहेका आदि अभिभावकहरूको अवस्था अनुसार, सांझ तथा रातीसम्म  वा बिहान सबेरैदेखि बच्चा राखिदिने सुविधा स्थल पनि रहेको छ।
- प्राथमिक विद्यालयको शिक्षा भन्दा केही फरक हुन्छ र, बच्चा आफूले मन लागेको खेल्न पाउने तथा रमाइलो गर्न पाउने कुरालाई महत्त्व दिइएको हुन्छ।
- साथै, स्थानीय क्षेत्रका अभिभावक लक्षित बच्चा हुर्काउने सम्बन्धका परामर्श डेस्क या खेल मैदान प्रदान गर्ने सुविधा स्थल पनि रहेका छन्।

## (3) मान्यता प्राप्त बाल उद्यान

- मान्यता प्राप्त बाल उद्यानमा, शिशु स्याहार केन्द्र र किन्डरगार्टेन दुवैको कार्य उपलब्ध रहेको हुन्छ।
- मान्यता प्राप्त बाल उद्यान, अभिभावकले काम गरिरहेको भएपनि नगरेको भएपनि, उपयोग गर्न सकिनेछ।
- सबै बच्चा हुर्काउने घर परिवारलाई दायरामा राखेर, बच्चा हुर्काउँदाका चिन्ता प्रतिको परामर्श गतिविधि या, अभिभावक र बच्चाहरू भेला हुने ठाउँ प्रदान इत्यादि समेत गर्दछ।

# 4-5 विद्यालय पश्चातको बाल क्लब (विद्यालय पश्चातको हेरचाह)

- अभिभावकहरू काम आदिका कारणले गरेर दिउँसो घरमा नहुँदा, विद्यालय पश्चात्को बाल क्लब उपयोग गर्न सकिनेछ।
- विद्यालय पश्चातको बाल क्लबमा, विद्यालय पश्चातको लागि बाल सहयोगीहरू आदि खटाएर, कक्षा सकिएपछि उपयुक्त खेल खेलाउने वा बस्नको लागि ठाउँ प्रदान गर्ने गरेको छ।
- अरू पनि सबै प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूलाई दायरामा राखेर, विभिन्न अध्ययन/अनुभव गतिविधि गर्ने "विद्यालय पश्चातका बाल कक्षाकोठा" सञ्चालन गरिरहेका स्थानीय स्वायत्त निकायहरू पनि रहेका छन्।

## 4-6 फ्यामिलि सपोर्ट सेन्टर

- तलका व्यक्तिहरू सदस्य भई, फ्यामिलि सपोर्ट सेन्टरको मध्यस्थतामा, सदस्यहरू एकले अर्कोलाई सपोर्ट गर्ने सङ्गठन रहेको छ।

① दुधे बालक या प्राथमिक तहका विद्यार्थी जस्ता बच्चाहरू भई तिनलाई हुर्काइरहेका बुवाआमा मध्ये बच्चालाई राखेर हेरिदिने सहायता प्राप्त गर्न चाहेको व्यक्ति

② उक्त सहायता गर्न चाहने व्यक्ति

- सहायताको उदाहरण, निम्नानुसार रहेको छ।

① शिशु स्याहार सुविधा स्थल आदीमा लगिदिने ल्याइदिने

② शिशु स्याहार सुविधा स्थलको समय बाहेक या विद्यालय पश्चात् बच्चा हेरिदिने

③ अभिभावक किनमेल आदि कामले बाहिर जानुपर्दा बच्चा हेरिदिने

- उपयोग गर्दाको प्रवाह, निम्नानुसार हुनेछ।

① बसोबास स्थलबाट सबैभन्दा नजिकैको फ्यामिलि सपोर्ट सेन्टरमा सदस्यता दर्ता गर्ने।

② उपयोग गर्न चाहेको निवेदन दिने।

③ फ्यामिलि सपोर्ट सेन्टरको सल्लाहकारबाट, सहायता प्रदान गर्ने व्यक्तिसँग मध्यस्थता तथा परिचय गराइ पाउने।

④ उपयोग पश्चात् सहायता प्रदान गरेको व्यक्तिलाई शुल्क भुक्तानी गर्ने।